




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रोगको समयमा उपचार गर्नु पर्दछ। उपचारका लागि धामी झाक्रीकहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क १९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १३ गते बुधबार ❑ 28 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## मुख्यमन्त्रीले लिए कोभिड र विपदको जानकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

मन्त्रिमण्डलले पूर्णता पाएसँगै गण्डकी प्रदेशमा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कार्यसम्पादनलाई तीब्रता दिएका छन् । आइतबार र सोमबार उनले प्रदेशका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्वास्थ्य कार्यालय प्रमुख, पालिकाका प्रमुख तथा अध्यक्षसँग जुम बैठक गरेका छन् ।



कोरोना संक्रमण दर बढ्दै गरेको अवस्थामा खोप व्यवस्थापनका साथै आगामी दिनमा गर्न सकिने कामका बारेमा उक्त अवसरमा छलफल भएको छ। बाढी पहिरोले पुऱ्याएको क्षतिको विवरण संकलन साथै पीडितलाई राहत, विस्थापितलाई पुनर्स्थापना गर्ने बारेमा समेत मुख्यमन्त्री पोखरेलले जानकारी लिएका छन् ।

कोरोनाविरुद्धको लडाइँ र विपदलाई सामना गर्न ३ तहका सरकारबीच समन्वय जरुरी रहेको मुख्यमन्त्री पोखरेलले बताए । १८ वर्ष उमेरमाथिको समूहलाई यथाशीघ्र कोरोनाविरुद्धको खोप दिलाउन सरकार प्रतिबद्ध रहेको भन्दै उनले प्रदेशको प्रयासमा नेपाल सरकारबाट नियमित रुपमा खोप प्राप्त भएको बताए।

प्राप्त खोपलाई जनसंख्याको अनुपातका आधारमा वितरण गरी उमेर समूहका आधारमा खोप लगाइएको र बाँकी खोप प्राथमिकता तोकेर दिइएको पनि उनले बताए। अहिले विभिन्न समूह खोपका लागि माग गर्दै आएको अवस्थामा उमेर समूह नै वैज्ञानिक देखिएकाले त्यसै अनुसार वितरण गर्नुपर्ने उनको भनाइ थियो । उनले भने, 'यो अभियानलाई निरन्तर दिँदै क्रमशः प्रदेशका सबै लक्षित समूहमा खोप पुऱ्याउने नीति लिएका छौं ।' प्रदेशको भिन्न भौगोलिक संरचना र वर्षाद्को समयमा विपद जुनसुकै बेलामा आउन सक्ने भएकाले त्यसै अनुसारको तयारी गर्न पनि उनले निर्देशन दिएका छन् । उनले भने, 'सम्भावित विपद व्यवस्थापन रोकथाम र नियन्त्रण गर्न प्रदेश सरकार प्रतिबद्ध छ ।' विपद व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र अन्य सबै सरोकारवालको भूमिका महत्वपूर्ण रहने भन्दै मुख्यमन्त्री पोखरेलले भर्चुअल बैठकबाट प्राप्त सुझावहरुको आधारमा प्रदेश सरकारले विपद व्यवस्थापन, अत्यावश्यक सामग्रीहरुको आपूर्ति र यातायात तथा ढुवानीको व्यवस्थापन गरिने उनले बताए । उनले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख, सुरक्षाकर्मी र पालिका पदाधिकारीको साथ र सहयोगको अपेक्षा गरेको बताए।

स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले कोभिड नियन्त्रणका लागि स्थानीय तहका पदाधिकारी र कर्मचारीको खटाइ असाध्यै अनुकरणीय रहेको भन्दै अबका दिनमा आउने जोखिमबाट बच्न पनि थप सचेत हुनुपर्ने बताइन् । गण्डकी प्रदेशका १८ वर्ष माथिको उमेर समूह सबैलाई खोप पुऱ्याउँछौं भनिरहे पनि विभिन्न समूहको माग थेग्नै मुस्किल रहेको उनको भनाइ थियो । उनको भनाइ थियो, 'खोपका लागि धेरैजना आत्तिनुभएको छ । हामी प्रयासरत छौं, संघीय सरकारको मापदण्ड नै वैज्ञानिक छ, त्यसैलाई अवलम्बन गर्नुपर्छ।

प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रदेशका १ तिहाइ जनसंख्यालाई खोप उपलब्ध भइसकेको भन्दै बढीभन्दा बढी खोप ल्याउन आफूहरु प्रयासरत रहेको बताए । उनले भने, 'प्राप्त खोपलाई केन्द्रको मापदण्ड अनुसार जुन उमेर समूहलाई भनिएको छ, त्यसै अनुसार आइदिन र उपलब्ध गराइदिन आग्रह गर्छु ।' उनले खोप आफैमा औषधी नभएकाले स्वअनुशासन कायम गरी मापदण्ड पालना गरे जोखिम कम हुने बताए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव विनोदबिन्दु शर्माले उमेर समूह अनुसार खोप लगाउनक सकेमा प्रदेशका सबै नागरिकलाई उपलब्ध गराउन सकिने बताए । जिल्लाहरुको माग र जनसंख्याको अनुपातका आधारमा खोप पठाइएको भन्दै उनले दुर्गमका जिल्ला र पालिकामा हेलिकोप्टमार्फत् पनि खोप पुऱ्याइएको उनले जानकारी गराए । प्रदेश स्वास्थ्य निर्देशक डा. खीमबहादुर खड्काले उमेर समूह अनुसार खोप लगाउन सके अब ४५ देखि ४९ वर्ष उमेर समूहको पालो आउने बताए । पछिल्ला दिनमा हिजोभन्दा आज संक्रमणको दर बढेको भन्दै उनले सतर्कता अपनाउन आग्रह गरे । उनले भने, 'हिजो मात्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पत्राचार गरेको छ । सिलिन्डरको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी र लुम्बिनी प्रदेशमा प्रमुख नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

राष्ट्रपति विद्यादेवी भण्डारीले गण्डकी प्रदेश प्रमुखमा पुथ्वीमान गुरुङ र लुम्बिनी प्रदेश प्रमुखमा अमिक शेरचनलाई नियुक्त गर्नुभएको छ।





नेपालको संविधानको धारा १६३ को उपधारा १२ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा उहाँहरूलाई राष्ट्रपतिले प्रदेश प्रमुखमा नियुक्त गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ । मन्त्रिपरिषद्को मंगलबारको बैठकले लुम्बिनी प्रदेशका प्रमुख धर्मनाथ यादव र गण्डकी प्रदेशका प्रमुख सीताकुमारी पौडेलाई पदमुक्त गरी गुरुङ र शेरचनलाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा उहाँहरूलाई पदमुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

## पर्यटन व्यवसायीलाई खोप दिन पहल गर्छु: अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखराको पर्यटन क्षेत्रको पुर्नउत्थानका लागि पाँच हजार खोप ब्यबस्थापन गर्ने वताउनुभएको छ।

पोखराका पर्यटन व्यबसायीहरुले अर्थमन्त्री बराललाई मंगलवार मन्त्रालयमै भेटेर पाँच हजार खोप भए, पोखराको पर्यटन ब्यबसाय तँग्रिने जानकारी गराएका थिए। अर्थमन्त्री बरालले प्रदेश सरकारले खोप ब्यबस्थापन गर्न केन्द्र सरकारसँग पनि पहल हुने जानकारी पर्यटन व्यबसायीलाइ गराउनुभयो। पोखरा पर्यटन पर्यटन परिषदको नेतृत्वमा पोखराका अगुवा पर्यटनकर्मीहरु अर्थमन्त्रालय पुगेर अर्थ मन्त्री बराललाइ बधाइ दिदै व्यबसायिक जिवन रक्षा कोषबाट समस्यामा परेका ब्यबसायीलाइ राहत दिन आग्रह गरे । मन्त्री बरालले कोरोनाबाट थलिएको पर्यटन व्यवसायीको मागलाई सम्बोधन गर्न आफ्नो क्षेत्रबाट सक्दो पहल गर्ने बताए । उनले भने "यतिवेला जनतासंग प्रत्यक्ष भेटघाटमा हामी व्यस्त भएका छौं जनताको आवश्यकताको आधारमा हामीले प्रथामिकता दिने छौं । " परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले आफुहरुलाई हाल पहिलो चरणमा होटल तथा रेष्टुरेण्ट सहितका मजदुर एवं व्यवसायीहरुलाई लक्षित गरी ५ हजार कोरोना बिरुद्धको खोप आवश्यक भएको बताए।

गण्डकी प्रदेश सरकारले अघिल्लो बर्षमा ल्याएको एक अर्बको व्यवसायीक जीवन रक्षाकोष अधिकांश साना तथा मझौला व्यवसायीको पहुचमा नभएको उनले दाबी गरे । बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋणको किस्ता तथा व्याज आगामी २ बर्षसम्म तिर्न सक्ने कुनै सम्भावना नभएकोले कर्जा तालीकालाई पुनतालीकीकरण गर्न पर्यटन व्यवसायीहरुले माग गरेका छन्। नेपाल राष्ट्र बैंकले ल्याइने मौद्रिक नितीमा आगामी आर्थिक बर्ष २०७८/०७९ मा पर्यटन प्राथामिकता प्राप्त क्षेत्रको रुपमा संबोधन गरी हरेक बैंकले बढीमा ५ प्रतिशत ऋण सहुलियत व्याजदरमा पईटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यबस्था मिलाउन समेत अनुरोध गरिएको भट्टराईले बताए । अग्रज पर्यटन व्यवसायी अग्नी कंडेल, वासी त्रिपाठी, टिकाराम सापकोटा लगायतले यो बर्ष करमा सहुलियत उपलब्ध गराउन सरकारसंग माग गरे। पदमार्ग संरक्षण गर्न र पर्यटकीय गन्तव्यहरुको संरक्षणमा ध्यान दिन समेत पर्यटन व्यवसायीहरुले माग गरे।

## कांग्रेसले आठ लाख ५२ हजारलाई क्रियाशील सदस्यता

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

नेपाली कांग्रेसले देशभरका आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको छ।

कांग्रेसको क्रियाशील सदस्यता छानविन समितिले पार्टीको १४ औं महाधिवेशन प्रयोजनका लागि देशभरबाट आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशिल सदस्यता प्रदान गरेको हो। क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकले आज पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई आज बुझाएको प्रतिवेदनमा चार लाख ४३ हजार ६७८ नयाँ र चार लाख नौ हजार ३३ ले नवीकरण गरेका हुन् । जसमध्ये पुरुष ६ लाख ५३ हजार ४३८, महिला एक लाख ९९ हजार ९७ र अन्य १७६ जना रहेका छन् ।

कांग्रेसको क्रियाशील सदस्यमध्ये प्रदेश १ मा एक लाख ७४ हजार ७८२, प्रदेश २ मा एक लाख १२ हजार ९४६, वाग्मती प्रदेशमा एक लाख ८६ हजार १४३, गण्डकी प्रदेशमा एक लाख १८ हजार ६३३ रहेका छन् । यस्तै, लुम्बिनी प्रदेशमा एक लाख ३० हजार ८८५, कर्णाली प्रदेशमा ५४ हजार ५६६ र सुदूरपश्चिम प्रदेशमा ७४ हजार ७५६ रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिले बुझाएको प्रतिवेदनअनुसार कांग्रेस क्रियाशील सदस्यमा १६ देखि २५ वर्ष उमेर समूहका ४० हजार ४२७, २६ देखि ४० वर्ष उमेर समूहका दुई लाख ४९ हजार ७७४, ४१ देखि ६० वर्ष उमेर समूहका तीन लाख २८ हजार २३४, ६१ देखि ७५ वर्ष उमेर समूहका ८३ हजार १० र ७५ वर्षभन्दा बढी उमेर समूहका ११ हजार ७७२ जना रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिमा ४६ खाले उजूरी तथा गुनासो प्राप्त भएको थियो । नवीकरणतर्फ ७७ वटै जिल्लाको क्रियाशील सदस्यता टुङ्गो लगाएको समितिले नयाँ क्रियाशील सदस्यता नामावलीलाई आगामी १४औं महाधिवेशनका लागि स्थगन गरी उक्त महाधिवेशनपछि प्रक्रिया पुऱ्याएर कायम गर्ने प्रतिवेदनमा उल्लेख छ । कांग्रेसले पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा प्रदीप पौडेल, आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको छानबिन समिति गठन गरेको थियो।

क्रियाशील सदस्यता नामावली टुङ्गिएसँगै अब पार्टीको १४औं महाधिवेशनको प्रक्रियासमेत शुरु हुने भएको छ। शनिबार पार्टी सभापति एवं प्रधानमन्त्री देउवाको निजी निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठकले क्रियाशील सदस्यता छानबिनको काम नसकिएको भन्दै साउन १२ गते अर्थात् (आजदेखि) शुरु हुने पार्टीको तल्लो तहको अधिवेशन स्थगित गर्ने निर्णय गरेको थियो। सो बैठकले पार्टीको केन्द्रीय महाधिवेशन भदौ १६ देखि १९ का बारेमा भने केही निर्णय गरेको थिएन। पार्टीको आज पनि पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठक सभापति देउवाको निजी निवासमा बसिरहेको छ । आजको बैठकले क्रियाशील सदस्यता छानबिन समितिले दिएको प्रतिवेदन अध्ययन गरी महाधिवेशनको नयाँ मिति टुङ्गो लगाउनेबारे छलफल हुनेछ। यसै गरी क्रियाशील सदस्यताको सम्पूर्ण काम समयमै सम्पन्न भएको कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत आज अर्थात् साउन १२ गते गाउँ/नगर वडा अधिवेशन हुने थियो । तर समयमै क्रियाशील सदस्यता वडास्तरमा नपुगेका कारण पार्टी पदाधिकारी बैठकले यसअघि नै वडा अधिवेशन स्थगित गरिसकेको छ।

कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकेको थियो । केही जिल्ला र क्षेत्रको विवादका कारण उक्त प्रतिवेदन आज १२ दिन ढिला बुझाइएको छ । कांग्रेसको गत असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिले बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो । संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन यही साउन १२, गाउँ/नगरपालिका अधिवेशनसाउन१६,प्रदेशसभाक्षेत्रीय अधिवेशन साउन २० गते तोकिएको थियो। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ।




# एनआरएनए हङकङद्वारा अक्सिजन कन्सन्ट्रेटर सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

गैरआवासीय नेपाली सङ्घ( एनआरएनए) हङकङले कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ स्थित सार्दिखोला स्वास्थ्य चौकीलाई दुई थान अक्सिजन कन्सनट्रेटर उपलब्ध गराएको छ।

एनआरएनएले महामारीका रूपमा फैलिएएको कोभिड-१९ रोकथाम, व्यवस्थापन तथा बिरामीको सहज उपचारका लागि १० लिटर क्षमताका कन्सन्ट्रेटर स्वास्थ्यचौकीलाई सहयोग गरेको हो। एनआरएनए हङकङका अध्यक्ष राधिका गुरुङ (टीका)को विशेष पहलमा माछापुच्छ्रे गाउँपालिकाका लागि प्राप्त अक्सिजन कन्सन्ट्रेटर सोमबार सार्दिखोला स्वास्थ्यचौकीव्यवस्थापनसमितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष विक्रम गुरुङलाई हस्तान्तरण गरिएको हो ।स्वास्थ्यचौकीमा १० शय्याको आइसोलेशन सेन्टर निर्माण गरेर कोरोनाका बिरामीको प्राथमिक उपचार हुँदै आएको छ।



स्वास्थ्यचौकीका इन्चार्ज अनिता घिमिरेले आइसोलेशनमा भर्ना भएका ३० मध्ये छ जनालाई पोखरा सिफारिस गरिएको र बाँकी निको भएर घर फर्किएको बताउनुभयो । उहाँका अनुसार आइसोलेशनमा दुई सङ्क्रमित महिलाको सुरक्षित प्रसूति गराइएको थियो। सो वडामा हालसम्म २०२ जनालाई कोरोना सङ्क्रमण पुष्टि भएको बताइन्छ। अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गर्दै समाजसेवी नन्दकुमारी गुरुङले कोरोनाको अहिलेको महामारी नियन्त्रणमा आफ्नो तर्फबाट केही सहयोग पुगोस् भनेर एनआरएनएका अध्यक्ष गुरुङले आफ्नो जन्म ठाउँका लागि सो सहयोग सामग्री पठाउनुभएको जानकारी दिनुभयो। एनआरएनए हङकङले यसअघि सेती बाढीलगायतका विपत्तिमा समेत सक्दो सहयोग गर्दै आएको उहाँले बताउनुभयो।

गाउँपालिका अध्यक्ष कर्ण गुरुङले मानवको विकासक्रम र अस्तित्वमाथि चुनौती बनेर आएको कोरोना भाइरससँग जुध्नका लागि सबैको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो । एनआरएनए हङकङ र यसका अध्यक्ष गुरुङको पहलमा आफ्नो गाउँपालिकालाई प्राप्त अक्सिजन कन्सनट्रेरबाट बिरामीको सहज उपचारमा सहयोग पुग्ने अध्यक्ष गुरुङको भनाइ थियो।

एनआएरएनले केही दिनअघि देशका सातै प्रदेशमा गरी ५० थान अक्सिजन कन्सन्ट्रेटर नेपाल पठाएकामा गण्डकी प्रदेशमा १५ थान रहेको छ। गण्डकी प्रदेशमा सार्दिखोला स्वास्थ्यचौकीसहित तनहुँको भीमाद प्राथमिक स्वास्थ्य केन्द्र तथा कोभिड आइसोलेशन केन्द्रलाई दुई थान र म्याग्दीको बेनी जिल्ला अस्पतालाई दुई थान कन्सन्ट्रेटर सहयोग गरिएको छ । सालिजा स्वास्थ्यचौकी पर्वतलाई एक थान, बुर्तिबाङ स्वास्थ्यचौकीलाई दुई थान, लमजुङ जिल्ला अस्पतालाई दुई थान र लमजुङकै उत्तरकन्या स्वास्थ्य केन्द्रलाई एक थान अक्सिजन कन्सन्ट्रेटर एनआरएनएबाट सहयोगस्वरुप प्राप्त भएको प्रदेश खेलकुद परिषद्का सदस्य शुभकन्या गुरुङले जानकारी दिनुभयो।

# गाउँपालिकाद्वारा खानेपानी विद्युत् महसुलमा अनुदान

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ साउन**

फेदीखोला गाउँपालिकाले पालिकाभित्र रहेका लिफ्टिङ खानेपानी उपभोक्ताका लागि अनुदान वितरण गरेको छ।

खानेपानीको विद्युत् महसुल तिर्दै आएका उपभोक्ताका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराएको हो।

गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले लिफ्टिङ प्रविधिबाट खानेपानीको उपभोग गर्दै आएका उपभोक्ताको सहयोगका लागि गाउँपालिकाले वर्षभरिको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामी गाउँपालिकाबाट उपभोक्ताहरूलाई सहयोग पुगोस् भनेर उपभोक्ता समितिलाई विद्युत् महसुलमा अनुदान दिएका छौं ।" प्रविधिको प्रयोग गरेर खानेपानीको उपभोग गर्दा बढी खर्चिलो हुने जनाइएको छ।

उपभोक्ताले बढी शुल्क तिर्नुपर्ने भएकाले थोरै भए पनि सहयोग पुगोस् भनेर गाउँपालिकाले उपभोक्ता समिति मार्फत अनुदान दिने निर्णय गरेको अध्यक्ष सुवेदीले बताउनुभयो।

सातवटा उपभोक्ता समितिलाई रु तीन लाख उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ।

# वालिङमा साल्ट ट्रेडिङको डिपो

**पोखरापत्र संवाददाता**
**वालिङ, १२ साउन**

कृषकलाई सहजरूपमा मलखाद तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले यहाँ साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको डिपो कार्यालय स्थापना भएको छ।

कार्यालय प्रमुख नगेन्द्र थापाले जिल्लामा पहिलो पटक डिपो खोलिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो "डिपो स्थापनासँगै पहिलो चरणमा यहाँका कृषकको मागलाई दृष्टिगत गर्दै अनुदान तथा गैरअनुदानका मलखाद तथा अन्य सामग्री बिक्री वितरण गर्छौं। "

पालिकाको बैठकबाट छनोट भई आएका कृषि सहकारी, बहुउद्देश्यीय सहकारी तथा छनोट भएका सङ्घसंस्थालाई डिलरका रूपमा मान्यता दिई सोही मार्फत कृषकलाई मलखाद उपलब्ध गराइने छ । डिपोले अनुदानमा युरिया, डिएपी र पोटास उपलब्ध गराउनेछ भने बहुतत्वयुक्त मल गैरअनुदानमा बिक्री गर्ने छ । डिपोबाट एसएसपी सादा, जिङ्क, एसएसपी बोरन, एमोनियम सल्फेट गरी चार प्रकारका मलहरू उपलब्ध गराउने प्रमुख थापाले जानकारीदिनुभयो । आगामी दिनमा यहाँका सेवाग्राहीको मागका आधारमा डिपोमार्फत नुन, चिनी लगायतका अन्य सामग्रीहरू सस्तो सुपथ मूल्यमा उपलब्ध गराउने छ।

सदरमुकाममा रहेको कृषि सामग्री कम्पनीबाट रासायनिक मल ल्याउँदा ढुवानी बढी लाग्ने गरेको महालक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष बुद्धिसागर सुवेदीले बताउनुभयो । डिपो स्थापना भएपछि ढुवानी कम भई मूल्य पनि घट्ने उहाँले जानकारी दिनुभयो।

# टोकियो ओलम्पिकमा जापान १० स्वर्णसहित शीर्ष स्थानमा

**रासस**
**काठमाडौं, १२ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा आयोजक जापान पदक तालिकाको शीर्ष स्थानमा उक्लेको छ। अमेरिका र चीनलाई उछिन्दै जापान शीर्ष स्थान ओगट्न सफल भएको हो।

जापानले हालसम्म १० स्वर्ण, तीन रजत र पाँच कास्यसहित कूल १८ पदक प्राप्त गरेको छ। अमेरिका दोस्रो तथा चीन तेस्रो स्थानमा रहेका छन् । अमेरिकाले नौ स्वर्ण, आठ रजत र आठ कास्य पदक प्राप्त गरेको छ भने चीनले नौ स्वर्ण, पाँच रजत र सात कास्य प्राप्त गर्न सफल भएको छ।

यस्तै सात स्वर्ण, सात रजत र चार कास्य पदक प्राप्त गर्दै रसियन ओलम्पिक कमिटी पदक तालिकाको चौथो स्थानमा छ । यसैगरी बेलायत चार स्वर्ण, पाँच रजत र चार कास्य पदकका साथ पाँचौं स्थानमा रहेको छ। दक्षिण कोरिया तीन स्वर्ण, दुई रजत र पाँच कास्यसहित छैटौं, अस्ट्रेलिया तीन स्वर्ण, एक रजत र पाँच कास्यका साथ सातौं, क्यानडा दुई स्वर्ण, तीन रजत र तीन कास्य जित्दै आठौं, फ्रान्स दुई स्वर्ण, दुई रजत र तीन कास्यका साथ नवौं तथा जर्मनी दुई स्वर्ण र तीन कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेबसाइटमा उल्लेख छ। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ५६ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका छन् । तीमध्ये सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाहले खेलिसक्नुभएको छ । तीनै जना पराजित भई प्रतियोगिताबाट बाहिरिनुभएको छ। परियारले महिला १० मिटर एयर राइफल, भट्टले महिला ४८ किलो तौल समूह तथा शाहले एक सय मिटर फ्रि स्टाइलमा प्रतिस्पर्धा गर्नुभएको थियो।

टोकियो ओलम्पिकमा अब पौडीकी गौरिका सिंह र एथलेटिक्सकी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्न बाँकी छ। सिंहले महिला १०० मिटर फ्रि स्टाइल तथा चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुहुनेछ। सिंहले बुधबार तथा चौधरीले शुक्रबार आ-आफ्नो खेलमा प्रतिस्पर्धा गर्नुहुनेछ।

# मुख्यमन्त्रीले...

व्यवस्थापन, बालबालिकाको उपचारका लागि कसरी गर्ने भन्ने बारेमा अब हामीले तयारी थालेका छौं। कास्कीको पोखरा, नवलपुरको कावासोती, देवचुली, स्याङ्जाको पुतलीबजार, चापाकोट, फेदीखोला, गोरखाको पालुङटार लगायत स्थानमा संक्रमण दर बढेको उनले बताए।

आइतबारको जुम बैठकमा साविकको गण्डकी अञ्चल र सोमबार साविकका लुम्बिनीका जिल्ला र नवलपुर जिल्लाका प्रजिअ, सुरक्षा निकाय प्रमुख, स्वास्थ्य कार्यालय प्रमुख, पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष लगायत सहभागी थिए । कार्यक्रममा सहभागी प्रजिअहरुले अहिले कोभिडको संक्रमण बढे पनि अस्पतालमा जानेको संख्या कम रहेको र अधिकांश होम आइसोलेसनमै रहेको बताए।

कोरोना महामारीसँगै बाढी पहिरोको प्रकोप पनि उस्तै रहेकाले पुनर्स्थापनाका लागि प्रदेश सरकारले पहल गरिदिनुपर्ने बताए । अस्थायी रुपमा बनाइएका कच्ची सडकमा बाढी पहिरोको प्रभाव धेरै रहेकाले मर्मतसम्भार कसले गर्ने भन्ने दुविधा रहेको प्रजिअहरुको भनाइ थियो।

# तीन हजार ८९९ संक्रमित, २२ जनाको मृत्यु

**रासस**
**काठमाडौं, १२ साउन**

तीन हजार ८९९ मा कोरोना भाइरस सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार मंगलबार १७ हजार ५१८ मा परीक्षण गर्दा तीन हजार ८९९ मा सङ्क्रमण पुष्टि भएको हो । यो सङ्ख्या सोमबारभन्दा ४७८ ले बढी हो। सङ्क्रमितसँगै मुलुकभर सङ्क्रमितको सङ्ख्या सात लाख ४२ हजार ८१७ पुगेको छ। सङ्क्रमण दर १९.२ प्रतिशत छ। यसैगरी काठमाडौं उपत्यकामा मंगलबार मात्र ७७४ जना सङ्क्रमित पुष्टि भएका छन् । काठमाडौं ४७५, ललितपुरमा १६७ र भक्तपुरमा १३२ जना सङ्क्रमित् पुष्टि भएका छन्।

सङ्क्रमणबाट स्वास्थ्यलाभ गरेर आज एक हजार ७७८ फर्किएका छन्। योसँगै स्वास्थ्यलाभ लिनेको सङ्ख्या छ लाख ४७ हजार ७९ पुगेको छ। निको हुने ९४.४ प्रतिशत रहेको छ । यसैगरी सङ्क्रमणबाट मंगलबार २२ जनाको निधन भएको छ । योसँगै निधन हुनेको सङ्ख्या नौ हजार ७५८ पुगेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला ११ पुगेका छन् । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, नवलपरासी (पूर्व), कास्की र रुपन्देही छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला २२ पुगेका छन्।

यसैगरी सङ्क्रमितमध्ये ६११ जना सघन उपचार कक्ष (आइसियु) र १७१ जना भेन्टिलेटरमा छन्। होम आइसोलेशनमा २५ हजार ९३८ जना र संस्थागत आइसोलेशनमा दुई हजार ८९८ जना छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको डेल्टा भेरिएन्टसहित थप तीन भेरिएन्टको चुनौती थपिएको जनाउँदै सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा संवेदशील हुन सम्बद्ध सबैमा आग्रह गरेको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले सङ्कलन गरेको ४७ जनाको नमूनाको विश्व स्वास्थ्य सङ्गठनले प्रमाणित गरेको नयाँ दिल्लीस्थित प्रयोगशालामा परीक्षण गर्दा तिनमा डेल्टा भेरिएन्ट पुष्टि भएको तथा अल्फा भेरिएन्ट, डेल्टा भेरिएन्ट र कप्पा भेरिएन्टका उत्परिवर्तन फेला परेको जानकारी दिँदै मन्त्रालयले सर्वसाधारणलाई जनस्वास्थ्यका मापदण्ड पालना गर्न र सम्भावित तेस्रो लहरको तयारीमा जुट्न स्वास्थ्य सेवा प्रदायक निकाय र स्वास्थ्यकर्मीहरूमा अनुरोध गरेको छ।






## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# प्रदेश प्रमुख परिवर्तन

सरकार फेरिने वित्तीकै प्रदेश प्रमुख फेर्ने पहिलो काम हुन थालेको छ । नेपाल कम्युनिस्ट पार्टी एमाले नेतृत्वको सरकार हटाएर बनाइएको शेर बहादुर देउवा नेतृत्वको सरकारले दुई प्रदेश प्रमुख हटाएको छ। केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेका प्रदेश प्रमुख हटाउन थालेको छ। मंगलबार बसेको मन्त्रिपरिषद बैठकले गण्डकी र लुम्बिनी प्रदेशका प्रदेश प्रमुख परिवर्तन गरेको छ । माओवादी केन्द्रले ओलीले हटाएका प्रदेश प्रमुखलाई पहिलेकै ठाउँमा नियुक्ति गर्न सिफारिस गरेको थियो । प्रदेश प्रमुख एउटै प्रदेशमा दोहोरिन नमिल्ने संबिधानको ब्यवस्थाले गर्दा शेरचनलाई लुम्बिनी प्रदेशको प्रमुख नियुक्ति भएको हो।

गण्डकीबाट पदमुक्त हुँदा अधिकार विहीन पदमा जेलमा बसेको जस्तो भएको अनुभव सुनाएका शेरचन फेरि अधिकार विहीन पदमा जान किन राजी भए ? प्रदेश प्रमुखको बन्धनमा बाँधिन नचाहेको बताउने शेरचनले साढे दुई महिनामै त्यही पदमा जानू बाध्यता वा पदलोलुपता हो स्पष्टता पार्नुपर्छ। नेताले बोलीको आधारमा धारणा बनाउनु गलत हुन सक्छ। सरकारले गण्डकी प्रदेश प्रमुख सीता कुमारी पौडेललाई हटाएर पृथ्वीमान गुरुङ र लुम्बिनीका प्रदेश प्रमुख धर्मनाथ यादवलाई हटाएर उनको ठाउँमा अमिक शेरचनलाई नियुक्त गरेको छ ।मन्त्रिपरिषद्ले निर्णय गरे लगत्तै प्रधानमन्त्री शेर बहादुर देउवाले गरेको सिफारिस अनुसार दुई प्रदेश प्रमुख पदमुक्त गरि नियुक्ति भएको छाराष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिस कार्यान्वयन गरेर प्रधानमन्त्री पदमा जो भए पनि सिफारिस कार्यान्वयनमा फरक हुँदैन भन्ने स्पष्ट भएको छ। सरकारले दुबै प्रदेशमा नयाँ प्रदेश प्रमुख नियुक्तिका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिस गरेको थियो।

यसअघि केपी ओली नेतृत्वको सरकारले गण्डकीमा अमिक शेरचनलाई प्रदेश प्रमुखबाट हटाएर सीता पौडेललाई नियुक्त गरेको थियो। पौडेल एमालेमा राष्ट्रपति विद्या भण्डारी निकट नेत्रीको रुपमा पनि चिनिएकी थिइन् । यसअघि केपी ओली नेतृत्वको सरकारले प्रदेश प्रमुख फेरेको केही महिनामै शेरबहादुर देउवा नेतृत्वको सरकारले नयाँ नियुक्ति गरेको छ। यद्यपि पहिलेको सरकार झैँ देउवा नेतृत्वको सरकार पनि कोरोना संक्रमण बढिरहँदा नियुक्तिमा ध्यान दिइरहेको भन्दै सामाजिक सञ्जालमा टिकाटिप्पणी हुन थालेको छ।

जवकि, ओली सरकारले प्रदेश प्रमुखमा फेरबदल गर्दा कांग्रेस सहित विपक्षी दलका नेताहरुले राजनीतिक पूर्वाग्रहबाट प्रदेश प्रमुख फेरिएको भन्दै कडा आलोचना गरेका थिए। सत्ता बाहिर रहँदा एउटा कुरा सत्तामा पुग्दा अर्को ब्यवहार देखाएका छन। सत्तामा जानू गलत कुरा त्यागेर असल अभ्यास गर्नु हो। विडम्बना नेपालका दलका नेतामा द्वैध चरित्र देखिने गरेको छ। प्रदेश प्रमुखमा देउवालाई प्रधानमन्त्री बनाउन सहयोग गर्ने सबै दललाई भाग पुऱ्याउन पूर्ववर्ति ओली सरकारले गरेका नियुक्ति खारेज गरेर प्रतिशोधको राजनीति गर्नु अनुचित हो । यस्तो कदमले सत्तारुढ दलर विपक्षी बिच दुरी बढाउने कमा मात्र हुनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# अर्थमन्त्रीसँग अमेरिकी राजदूत शिष्टाचार भेट

**रासस**
**काठमाडौं, १२ साउन**

अर्थमन्त्री जनार्दन शर्मासँग नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरीले शिष्टाचार भेट गर्नुभएको छ । मन्त्रालयमा आज भएको भेटमा अर्थमन्त्री शर्माले भूकम्पछिको उद्धार र कोभिड महामारीको समयमा प्राप्त भएको अमेरिकी सहयोग अविस्मरणीय रहेको भन्दै सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले कोभिडविरुद्धको खोप नेपालको पहिलो प्राथमिकताको विषय भएको भन्दै त्यसको आपूर्तिमा अमेरिकी सरकारबाट थप सहयोग र सहजीकरण हुने विश्वास व्यक्त गर्नुभएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ । मन्त्री शर्माले अमेरिकी सरकारको सहयोगमा नेपालमा सञ्चालित परियोजनाको कार्यान्वयनमा अनुगमन गरी तदारुकता दिन सरकारले ध्यान पुऱ्याउने उल्लेख गर्नुभयो।

# अन्नपूर्ण गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १२ साउन**

यहाँको अन्नपूर्ण गाउँपालिकाले स्थानीय पाठ्यक्रम बनाएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारेको पाठ्यक्रमअनुसारको पुस्तक छपाइ गरेर नयाँ शैक्षिक सत्रदेखि पठनपाठन गराउन लागिएको हो । नेपालको संविधानले स्थानीय पालिकालाई प्राथमिक तहको पाठ्यक्रम बनाएर आवश्यकतानुसार लागू गर्ने अधिकार दिएको छ । उक्त अधिकार भए पनि लामो समयसम्म अभ्यास भएको थिएन।

गाउँ शिक्षा ऐनअनुसार पाठ्यक्रमको मस्यौदा कार्यपालिका बैठकबाट पारित गरी पुस्तक छपाएर लागु गर्न लागिएको गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले जानकारी दिनुभयो । "मौलिक विषयवस्तुमा आधारित कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम तयार भएको छ", उहाँले भन्नुभयो, "स्थानीय पाठ्यक्रमअनुसार कक्षा १ को पुस्तक बनाई छापेर विद्यालयहरूलाई वितरण गर्दैछौँ।" एक सय पूर्णाङ्कको पुस्तकमा १४ वटा एकाइ छन्।

पुस्तकमा गाउँपालिकाको परिचय, सामाजिक संस्कार, संस्कृति, धार्मिक स्थलहरू, विकासका पूर्वाधार र हरित विद्यालय, प्राकृतिक स्रोत र सम्पदा, प्राकृतिक प्रकोप, पर्यटन, परम्परागत प्रविधि, पेशा, उद्यमशीलता र सुखी जीवन, ट्राफिक र सडक रेखासम्बन्धी शिक्षालाई समावेश गरिएको छ।

यसैगरी नैतिकतासहितको जीवनोपयोगी शिक्षा, स्थानीय खेलकुद, स्थानीय आदर्श व्यक्तिहरू र समसामयिक विषयवस्तुलाई समेटिएको पुस्तकको पाठ्यभार घण्टा १६० घण्टा छ। पुस्तकमा सत्तरी प्रतिशत चित्र र ३० प्रतिशत शब्द राखिएको छ । ट्राफिक नियमलाई पनि पुस्तकमा राखिएको छ । 'हाम्रो गाउँपालिका' नाम राखिएको कक्षा १ को एक हजार प्रति पुस्तक छपाइ भएको छ । पालिकाभरका ३६ वटा सामुदायिक विद्यालयका कक्षा १ मा २५० जनाको हाराहारीमा विद्यार्थी छन्। गाउँपालिकाले गत आर्थिक वर्षमा पाठ्यक्रम निर्माणका लागि रु तीन लाख र पुस्तक छपाइ गर्न रु चार लाख ९८ हजार बजेट विनियोजन गरेको थियो । गाउँपालिकाका शिक्षा शाखाका स्रोत व्यक्ति भरत पुनले पाठ्यक्रम निर्माणका लागि विनियोजन भएको सबै बजेट खर्च नभएको बताउनुभयो। उहाँले आगामी वर्षका लागि पनि आवश्यक पर्ने कक्षा १ को पुस्तक यसै वर्ष छपाइ गरेको बताउनुभयो। आगामी वर्ष कक्षा २ र ३ को पनि पुस्तक तयार पारेर लागु गर्ने गाउँपालिकाले जनाएको छ । शिक्षा शाखाका कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा सरोकारवालाहरूको सहभागितामा पाठ्यक्रम र पुस्तक निर्माण भएको हो। शिक्षा अधिकृत कटुवालको संयोजकत्वमा विषय समिति र स्रोत व्यक्ति पुनको संयोजकत्वमा पाठ्यक्रम निर्माण तथा मस्यौदा समिति गठन भएको थियो । गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक ओम फगामीले संविधानले दिएको अधिकार प्रयोगसँगै बालबालिकाले आफ्नो पालिकाको बारेमा जान्ने र बुझ्ने अवसर पाउने बताउनुभयो। "स्थानीय पाठ्यक्रम लागु भएपछि पालिकको मौलिकपन पनि बढ्ने छ", उहाँले भन्नुभयो, "धार्मिक क्षेत्र, ऐतिहासिक पक्ष, जनजीवन, भाषा र संस्कृति, भूगोल तथा कृषि क्षेत्रका बारेमा बालबालिकाले जान्ने र बुझ्ने अवसर पाउनेछन्।" यसअघि बेनी नगरपालिकाले गत वर्ष जिल्लामै पहिलो पटक स्थानीय पाठ्यक्रम र पुस्तक तयार पारेर लागु गरेको थियो।

# लमजुङका किसान कोदो रोप्न व्यस्त

**पोखरापत्र संवाददाता**
**लमजुङ, १२ साउन**

कोरोना सङ्क्रमणका कारण जिल्लामा जारी निषेधाज्ञाबीच यहाँका किसान यतिबेला कोदो रोप्न व्यस्त छन्।

समयमै पानी परेकाले धान र कोदो रोप्न सहज भएको हो। हालसम्म जिल्लाभर करिव ३५ प्रतिशत जमीनमा कोदो रोपिएको छ । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी मदन रेग्मीले जिल्लाभर नै कोदो रोप्न थालिएकामा चिसो ठाउँ, मकैबारीभित्र र मकै भाँचिसकेका बारीमा पनि किसानले कोदो रोपिरहेका छन् भन्नुभयो । दोर्दी गाउँपालिका-३ का किसान बुद्धिमान श्रेष्ठले भन्नुभयो, "धान रोपेर बसेका यहाँका किसानलाई कोदो रोप्न भ्याइनभ्याइ छ। कोरोना सङ्क्रमणको जोखिम कायमै रहेका बेलामा त्यसको डरभन्दा पनि कोदो रोप्ने चिन्तामै किसान रुमल्लिएका छन् ।" दोर्दी गाउँपालिका-५ पाचोकस्थित सिमरुङगाउँका कुमार तामाङले साउनको पहिलो हप्ताबाटै कोदो रोप्न थालिएको बताउनुभयो । उहाँले भन्नुभयो, "खेतीपातीको समय भएकाले धान रोपाइँ सक्नासाथ कोदो रोप्न व्यस्त छु ।" मर्स्याङ्दी गाउँपालिका-६ लामपाटा गाउँकी शान्तिमाया तामाङले पनि कोदो रोप्दा रोप्दै दिनबित्ने गरेको र अहिले पर्म तिर्नका लागि पनि रोप्न जानुपरेको बताउनुभयो । आलोपालो गरेरै यहाँका किसान कोदो रोप्ने गरेका छन् । कार्यालयका प्रमुख रोहीणीराज घिमिरका अनुसार जिल्लाका दोर्दी, नाल्मा, भुलभुले, पसगाउँ, भौंजे, गिलुङ, मालिङ, करापुलगायत गाउँमा कोदो उत्पादन राम्रो हुँदै आएको छ। जिल्लामा सात हजार ९१९ हेक्टर जमीनमा कोदो रापाइँ हुँदै आएकामा करीब ६ हजार १६० मेट्रिकटन कोदो उत्पादन हुने गरेको उहाँको भनाइ थियो।

# स्वास्थ्य मापदण्ड पालनामा गम्भीर हुन विज्ञको सुझाव

**रासस**
**काठमाडौं, १२ साउन**

कोभिडको महामारीबाट जोगिन सरकारले लागू गरेका जनस्वास्थ्यका मापदण्ड गम्भीररूपमा पालना गर्न विज्ञले सुझाएका छन् । उहाँहरूले कोरोना भाइरसको रोकथाम र नियन्त्रणमा हेलचक्र्याइँ गरे एक महिनामा नै सङ्क्रमणको तेस्रो लहर आउने बताएका छन्।

रिपोर्टर्स क्लब नेपालमा आज आयोजित 'कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहरको सम्भावना, सरकारको पूर्वतयारी' विषयक अन्तर्क्रियामा जनस्वास्थ्यका विज्ञले अहिले स्वास्थ्यकामा मापदण्ड लागू नहुँदा सङ्क्रमण बढिरहेकाले तेस्रो लहर आउन सक्ने बताउनुभएको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका पूर्वनिर्देशक डा सागरराज भण्डारीले जनस्वास्थ्यका मापदण्ड लागू गर्न हेलचक्र्याइँ गरिएकाले सङ्क्रमण तेस्रो लहर एक महिनाभित्र आउनसक्ने बताउनुभयो।

"निषेधाज्ञासँगै जनस्वास्थ्यका मापदण्ड लागू गरिएको पाइएको छैन। जसले गर्दा सङ्क्रमण दिनानुदिन बढ्दो छ", उहाँले भन्नुभयो, "यसैगरी सङ्क्रमण नियन्त्रण गर्न हेलचक्र्याइँ गर्ने हो भने तेस्रो लहर एक महिनाभित्र आउँछ ।" नेपालमा पछिल्लो दिन सङ्क्रमण दर बढ्दो छ । सोमबार मात्र आइतबारभन्दा एक हजार १८४ मा सङ्क्रमण बढी देखिएको थियो। सोमबार नेपालमा तीन हजार ४२१ र आइतबार दुई हजार २३७ सङ्क्रमित देखिएका थिए । जनस्वास्थ्यविद् डा राजभण्डारीले कोरोना भाइरस अझ केही वर्ष रहन भएकाले मानिसले आफ्नो व्यवहार परिवर्तन गरी कोरोनासँग लड्दै जिउनुपर्ने बताउनुभयो। यस्तै जनस्वास्थ्यविद् डा वासुदेव पाण्डेले भारतको खुला सीमाका कारणले सङ्क्रमण नेपाल फेरि बढिरहेको बताउनुभयो। उहाँले जनस्वास्थ्यमा मापदण्ड लागू गरेर मात्र सङ्क्रमणलाई नियन्त्रण गर्न सकिने धारणा राख्नुभयो । उहाँले भाइरस अझ केही वर्ष रहने भएकाले सोहीअनुसारको मानिसको जीवनशैलीमा परिवर्तन गर्नुपर्ने बताउनुभयो। अर्का जनस्वास्थ्यविद् डा सुन्तरमणि दीक्षितले तेस्रो लहरको जोखिम भएकाले सरकारले सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सबै अस्पताललाई तयारी अवस्थामा राख्नुपर्ने बताउनुभयो । उहाँले खोप जतिसक्दो चाँडो लक्षित नागरिकलाई खोप लगाएर बचाउनुपर्ने बताउनुभयो।

# अक्सिजन कन्सन्ट्रेटर सहयोग

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ साउन**

नेपाल रेडक्रस सोसाइटी तनहुँ शाखाले व्यास नगरपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।

कोभिड-१९ नियन्त्रणका लागि रेडक्रस सोसाइटीले अक्सिजन कन्सन्ट्रेटरसहितका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो । नगरपालिकाले वडा नं १० दुम्सीस्थित आधारभूत स्वास्थ्य केन्द्रमा सञ्चालन गर्न लागेको नगरस्तरीय अस्पतालका लागि स्वास्थ्य सामग्री सहयोग गरिएको रेडक्रस तनहुँका मन्त्री चिनु पोखेलले जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिकालाई एक थान अक्सिजन कन्सन्ट्रेटर, थर्मलगन, अक्सोमिटर, फेसशिल्ड, सर्जिकल गाउन, सर्जिकल क्यापलगायतका सामग्री हस्तान्तरण गरिएको छ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई सामग्री हस्तान्तरण गर्दै रेडक्रस तनहुँका सभापति वाग्लेले कोभिड न्यूनीकरणका लागि रेडक्रसले आवश्यक सामग्री सहयोग गर्दै आएको र भविष्यमा पनि गर्ने बताउनुभयो । नगरप्रमुख न्यौपानेले कोभिड न्यूनीकरण सबैको साझा प्रयासबाट सम्भव रहेको उल्लेख गर्दै रेडक्रसप्रति आभार व्यक्त गर्नुभयो।

विसं २०२७ मा स्थापित रेडक्रस तनहुँले सेवामूलक काम गर्दै आएको छ । कोरोनाको अवधिमा रेडक्रस तनहुँ शाखाले सङ्गठन विकास, विपद् व्यवस्थापन, स्वास्थ्य तथा सामुदायिक हेरचाह तथा यसको सिद्धान्तका बारेमा विभिन्न कार्यक्रम गरेको जनाएको छ। रेडक्रसले कोरोना रोकथामका उपाय फैलाउने, देवघाट, कोटदरबार र दुम्सीकोटको एम्बुलेन्सका लागि रेगुलेटरसहितका सिलिण्डर वितरण, २८ वटा उपशाखामा मास्क, स्यानिटाइजरलगायतका स्वास्थ्य सामग्री वितरण, स्वयंसेवक परिचालन, खोप लगाउनका लागि प्रेरित गर्ने, बन्दीपुर र पुरनडिही अस्पतालमा अक्सिजन कन्सन्ट्रेटर सहयोग, अक्सिजन सिलिण्डर वितरण गरेको जनाएको छ।

# एलेक्सको नयाँ राष्ट्रिय कीर्तिमान

**रासस**
**काठमाडौं, १२ साउन**

जापानको टोकियोमा आयोजना भइरहेको ३२ औँ गृष्मकालीन ओलम्पिकअन्तर्गत पौडी खेलका एलेक्जेन्डर गाडेगार्ड शाह (एलेक्स) ले पुरुष १०० मिटर फ्रिस्टाइलमा नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको छ।

टोकियोको एक्वेटिक सेन्टरमा मंगलबार भएको खेलमा हिट चरणमा एलेक्सले निर्धारित दूरी ५३.४१ सेकेन्डमा पूरा गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको हो। उहाँले यसअघि आफ्नै नाममा रहेको ५५.३८ सेकेन्डको कीर्तिमान सुधार गर्नुभएको हो । एलेक्सको अर्को चरणमा पुग्ने सम्भावना भने सकिएको छ । हिट चरणबाट कम समयमा पूरा गर्ने शीर्ष १६ खेलाडीले सेमिफाइनलको यात्रा तय गर्नेछन् । एलेक्सले दक्षिण एशियाका भूटान, माल्दिभ्स र पाकिस्तानका खेलाडीसहित १० जनालाई भने पछि पार्नुभयो।

त्यस्तै नेपालकी अर्की खेलाडी गौरिका सिंहले भोलि प्रतिस्पर्धा गर्नुहुनेछ । उहाँले १०० मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा हुनेछ। यसअघि शनिबार भएको खेलमा नेपालकी जुडो खेलाडी सोनिया भट्ट र सुटिङकी कल्पना परियार छनोट चरणबाट बाहिरिसक्नुभएको छ । सोनियाले ४८ केजी तौल समूहमा र सुटिङकी कल्पनाले १० मिटर एयर राइफलमा प्रतिस्पर्धा गर्नुभएको थियो।


प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**

गण्डकी प्रदेश, पोखरा

## सूचिकृत हुने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०४/१३ गते)**

यस केन्द्रको लागि आ.व. २०७८।०७९ मा नियमित कार्य संचालनको लागी आवश्यक पर्ने सामाग्री तथा सेवा खरिदको लागी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार मौजुदा सुचीमा सुचिकृत हुन इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले आफूले उपलब्ध गराउन सक्ने तपशिलका बस्तु तथा सेवाको विवरण सहित तपशिलका कागजातहरु संग्लन राखी सूचिकृत हुनका लागि निवेदन दिनुहुन् सूचित गरिन्छ।

**तपशिल:**

**१.आवश्यक वस्तु तथा सेवाको विवरण**

- स्टेशनरी, छपाई फोटोकपी, प्रिन्टिङ तथा मसलन्द सम्बन्धी सामाग्रीहरु
- कम्प्युटर, इन्भटर तथा अन्य मेसिनरी सामाग्रीहरु खरिद तथा मर्मत
- भवन निर्माण तथा मर्मत, फर्निचर तथा फर्निसिंङ सम्बन्धि कार्य
- सवारी साधन खरिद तथा मर्मत, प्रविधिक तथा परामर्श सम्बन्धी कार्यहरु
- खाना तथा खाजा सम्बन्धी सेवा
- विद्युत जडान, प्लम्विङ ,केश श्रृगार, इलेक्टोनिक्स मोटरसाइ मर्मत, कटाइ सिलाई, कुक, वुटीक डीजाइन तालिम सम्बन्धी सामाग्री
- कृषि, निर्माण, होटल व्यवसाय, सेवा क्षेत्र, सुरक्षा गार्ड, मन्टेश्वरी तथा अन्य विविध रोजगार मूलक वैदेशिक रोजगार प्रर्वद्धन सम्बन्धि अल्पकालिन र दिर्घकालिन तालीम संचालन गर्न आवश्यक सामाग्री

२. **तालिम संचलन सम्बन्धि:–** कृषि निर्माण, पर्यटन, होटल व्यावसाय, सेवा क्षेत्र, विद्युत जडान, प्लम्विङ, केश श्रृगार इलेक्टोनिक्स, मोटरसाईकल मर्मत, कटाइ सिलाइ, कम्प्युटर सफ्वयर हार्डवयर, सुरक्षा गार्ड, मन्टेश्वरी ,कुक तथा अन्य विविध रोजगारमूलक वैदेशिक रोजगार प्रर्वद्धन सम्बन्धि अल्पकालिन र दिर्घकालिन तालीम संचालन गर्ने फर्म वा संस्थाहरु

**३.वस्तु तथा सेवा खरिद र तालिम संचालन गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनिले निवेदनका साथ संग्लन राख्नुपर्ने आवश्यक कागजातहरु :–**

(क) नेपाली नागरिकताको प्रमाणपत्र तथा तालीम सन्चालनको लागि इजाजत प्राप्त गरेको प्रमाणपत्रको छायाँप्रति (ख) फर्म तथा व्यवसाय दर्ता/नविकरण प्रमाणपत्रको छायाँप्रति (ग) VAT/PAN दर्ता प्रमाणको छायाँप्रति (घ) आ.व. ०७७/७८ को कर चुक्ता तथा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी

४. **रोष्टरमा सुचिकृत सम्बन्धी :–** कृषि, निर्माण, पर्यटन, होटल व्यवसाय, सेवा क्षेत्र, विद्युत जडान, प्लम्विङ, केश ॠगार इलेक्टोनिक्स, मोटरसाईकल मर्मत, कटाइ सिलाइ, कम्प्युटर सफ्वेयर हार्डवयर, सुरक्षा गार्ड, मन्टेश्वरी, कुक तथा अन्य विविध रोजगारमूलक वैदेशिक रोजगार प्रर्वद्धन सम्बन्धि अल्पकालिन र दिर्घकालिन तालीम संचालन गर्न लागी प्रशिक्षकहरु आवश्यक भएको हुँदा रोष्टरमा सूचिकृत हुन सम्बन्धित विषयका विषय विज्ञलाई शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धित विषयमा लिईएको तलिमको प्रमाणपत्र र सीप परिक्षणको प्रमाणपत्र सहित सुचिकृत हुन् आह्वान गरिन्छ।

**द्रव्यष्ट:–** रीत नपुगी आएको दरखास्तलाई मान्यता दिईने छैन। व्यक्ति फर्म वा कम्पनीलाई सूचिकृत गर्ने वा नगर्ने सम्बन्धि अधिकार यस कार्यालयमा निहित रहनेछ।

**फोन. न.०६१-४६०५११**

**ठेगाना: पोखरा महानगरपालिका वडा न. १७, हिमाली टोल, आर.टि.यो. मार्ग, विरौटा कास्की।**

**केन्द्र प्रमुख**

# होटल व्यवसायीका दुःख : न खोप, न खोल्ने अनुमति

– रामबहादुर थापा
बागलुङ, १२ साउन

कोरोना महामारीले होटल व्यवसायमा निम्त्याएको सङ्कट लम्बिँदो छ । निषेधाज्ञा खुकुलो पारिएपनि होटल, रेष्टुरा पहिला झैं खुल्न पाएका छैनन् । स्थानीय प्रशासनले 'टेक अवे' र 'होम डेलिभरी' मात्र गर्न पाउने प्रावधान तोकेको छ।

झण्डै डेढ वर्षदेखि खराब स्थिति झेलिरहेका होटल व्यवसायीहरू कोरोनाविरुद्धको खोपमासमेत प्राथमिकतामा नपर्दा निराश भएका छन् । बन्दाबन्दी र निषेधाज्ञाको प्रत्यक्ष मार होटल व्यवसायमाथि छ। पर्यटन क्षेत्र ठप्प हुँदा र जिल्लाभित्रै पनि मानिसको आउजाउ घटेपछि प्रायः होटल सुनसान बनेका छन्।

होटल व्यवसायीका अनुसार व्यापार छैन। घरभाडा, कर्मचारीको तलब, पानी र बिजुलीमा हुने खर्च भने नियमित छ । यहाँका ९५ प्रतिशत होटल भाडाको घरबाट सञ्चालित छन् । ऋणधन गरेर व्यवसाय थालेकाहरूलाई ब्याज र किस्ता चलाउनै धौ धौ छ । छिट्टै व्यवसाय लयमा नफर्के कतिपय व्यवसायी पलायन हुनुपर्ने स्थिति छ। होटल तथा रेष्टुराँ व्यवसायी सङ्घका अध्यक्ष निलेश राजभण्डारीले खोपमाआफूहरूलाईविभेदगरिएको बताउनुभयो । उहाँले सेवा क्षेत्रको मुख्य र संवेदनशील व्यवसायलाई सरकारले उपेक्षा गरेको आरोप लगाउनुभयो। "सार्वजनिक यातायात, बजार, कार्यालय खुलेका छन्, तर होटल खोल्न अनुमति दिइएको छैन", उहाँले भन्नुभयो। होटल पिस प्यालेसका सञ्चालकसमेत रहनुभएका राजभण्डारीले रेष्टुराले जस्तो 'टेक अवे' र 'होम डेलिभरी' सेवा होटलले दिन नसक्ने बताउनुभयो। होटलमा खाना र रात बिताउनका लागि पाहुना आउने भएपनि त्यही बेला होटल बन्द गर्नुपर्ने नियम अमिल्दो भएको व्यवसायी बताउँछन् । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको निर्णयानुसार जारी निषेधाज्ञामा साँझ ७ बजेसम्म मात्र सेवा सञ्चालन गर्न पाइने उल्लेख छ।

यहीबीच होटल व्यवसायीले सोमबार प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीलाई भेटेर व्यवसाय सञ्चालनमा सहजीकरण र खोपको प्रबन्ध गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका छन् । व्यवसायीका पीर मर्का सुन्नुभएका प्रजिअ कार्कीले होटल व्यवसाय माथिबाटै प्राथमिकताको सूचिमा नपरेका कारण खोप दिलाउन नसकिएको बताउनुभयो। उहाँले केन्द्रको नीति अनुसार तोकेर आएमा अबको चरणमा होटल व्यवसायीलाई खोपको सुनिश्चितता गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

किराना, मासु, फलफूल तथा तरकारी, ग्यास व्यापारीलगायतले खोप पाइसकेका छन् । अग्रपङ्क्तिमा खटिने सुरक्षाकर्मी, पत्रकार, स्वास्थ्यकर्मीपछि उमेर समूह र अति संवेदनशील व्यवसायलक्षित गरी अहिले खोप अभियान चलिरहेको छ । होटललाई पनि अति संवेदनशील व्यवसायमा सूचिकृत गरी यथाशीघ्र खोप उपलब्ध नगराए तालाचाबी बुझाएर आन्दोलनमा जान व्यवसायीहरू बाध्य हुने होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले बताउनुभयो। महासङ्घ र जिल्ला सङ्घले संयुक्त रूपमा प्रजिअसमक्ष बुझाएको ज्ञापनपत्रमा यही साउन १५ गतेभित्र माग पूरा नभए १६ गतेदेखि धर्नालगायत विरोधका कार्यक्रम गरिने उल्लेख छ। यसअघि पटकपटक ध्यानाकर्षण गराउँदा पनि खोप नपाएको व्यवसायीको गुनासो छ। शुरुमा एक सय व्यवसायीलाई मात्र भएपनि खोपको प्रबन्ध गर्न माग गरिएको जिल्ला सङ्घका अध्यक्ष राजभण्डारीले बताउनुभयो।

उमेर समूह र प्राथमिकताप्राप्त क्षेत्र/पेशा बाहेकका व्यक्तिले पनि भनसुनका आधारमा खोप लगाइरहेका बेला होटल व्यवसायी भने अहिलेसम्म खोपबाट बञ्चित छन् । खोपसँगै सहज रूपमा व्यवसाय सञ्चालन र व्यवसाय पुनःउत्थानका लागि सरकारले राहत र सहुलियत दरको कर्जा प्रवाहको योजना ल्याउनपर्ने व्यवसायीको माग छ। पर्यटन व्यवसाय उकास्नका लागि गण्डकी प्रदेश सरकारले ल्याएको राहत प्याकेजबाट व्यवसायीहरूले नै लाभ लिन नसकेको महासङ्घका अध्यक्ष चोखालले बताउनुभयो । "कर्जा दिनका लागि बैङ्कले धितो खोज्यो, हाम्रा व्यवसायीहरू अधिकांश गाउँबाट आएर होटल चलाउनुभएको छ, धितो राख्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "पहिले पनि कर्जा लिएका र ठूला व्यवसायीले मात्र लाभ लिए ।" कर्जामा ब्याज मिनाहा, पुनःकर्जा, कर छुटलगायतका योजनाबाट सबै व्यवसायी समान रूपमा लाभान्वित हुने वातावरण बनाउनुपर्ने अध्यक्ष चोखालको भनाइ छ । महामारी अझै यस्तै रहिरहे र राहत पनि नपाउने हो भने व्यवसायीहरू होटल बन्द गर्नुपर्ने अवस्थामा पुग्ने उहाँले बताउनुभयो। स्वास्थ्य मापदण्डको पूर्ण पालनासहित होटल व्यवसायलाई नियमित सञ्चालनका लागि अनुमति दिनुपर्ने आवाज व्यवसायीबाट उठेको छ। होटल व्यवस्थापनले पनि भौतिक दूरी कायम गर्ने, पाहुना कम राख्ने, स्वास्थ्य सावधानी अपनाउने कुरामा सचेत हुनुपर्नेमा अध्यक्ष चोखालको जोड छ। यहाँ झण्डै दुई सय होटल, रेष्टुरा छन्। बागलुङ नगरपालिकामा मात्र त्यो सङ्ख्या ७० को हाराहारीमा छ । साना, ठूला सबै होटलमा गरी करिब रु. ५० करोड लगानी छ। पर्यटकीयस्तरका होटलको सङ्ख्या भने १५ छ। होटल व्यवसायी महासङ्घ गण्डकी प्रदेशले गत वर्ष नै प्रदेशभर सञ्चालित होटलको सङ्ख्या र लगानी विवरणसमेत सङ्कलन गरेको थियो। होटलको स्थिति बुझ्ने र सोही अनुसार राहत कार्यक्रमका लागि पहल गर्न विवरण उठाइएपनि त्यसले कुनै परिणाम दिन सकेन।

कोरोना महामारी साम्य नभएसम्म होटल, रेष्टुरा व्यवसाय पुरानै अवस्थामा फर्कन कठिन छ। धेरै जनसङ्ख्यालाई खोपको पहुँचमा पुऱ्याउन सके स्थिति सहज हुने ठानिएको छ। कोराना मत्थर भएर निषेधाज्ञा पूर्ण रूपमा हटेपछि आन्तरिक पर्यटक घुम्न निस्कने र त्यसबाट होटल व्यवसाय चलायमान हुनेमा व्यवसायी आशावादी छन् । कोरोना सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी होटलमा पूर्वाधार, गुणस्तर र स्वास्थ्य सावधानीका लागि व्यवसायीले पनि लगानी बढाउनुपर्ने अवस्था छ।

# विपद् प्रतिकार्य योजनाको पुस्तक प्रकाशन

पोखरापत्र संवाददाता
दमौली, १२ साउन

नेपाल रेडक्रस सोसाइटी तनहुँ शाखाले विपद् प्रतिकार्य योजनाको पुस्तक प्रकाशन गरेको छ। प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने विपद् व्यवस्थापन समितिबाट तयार भएको पुस्तक रेडक्रस सोसाइटीले छपाइ गरेर प्रशासनलाई हस्तान्तरण गरेको हो।

प्रशासन कार्यालयमा सोमबार आयोजित कार्यक्रममा रेडक्रस तनहुँका सभापति कृष्णहरि वाग्लेले प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष सागर आचार्यलाई उक्त पुस्तक हस्तान्तरण गर्नुभयो। प्रत्येक वर्ष निर्माण गरिने विपद् प्रतिकार्य योजनाको पुस्तक छपाइको जिम्मेवारी यस वर्ष रेडक्रसले पाएको थियो । रेडक्रस सोसाइटीले ३०० प्रति पुस्तक प्रकाशित गरेकामा प्रशासनलाई २२५ प्रति पुस्तक हस्तान्तरण गरेको छ। बाँकी ७५ प्रति पुस्तक रेडक्रस केन्द्र, प्रदेश शाखा, जिल्लाका विभिन्न उपशाखालाई हस्तान्तरण गरिने सभापति वाग्लेले जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष आचार्यले जिल्लामा घट्न सक्ने विपद्का घटना पहिचान गरी न्यूनीकरणमा सहयोग पुऱ्याउन प्रतिकार्य योजना बनाइएको जानकारी दिनुभयो । "प्रतिकार्य योजनाबमोजिम स्थानीय तहले आफ्ना योजना बनाए विपद्का घटना न्यूनीकरणमा सहयोग पुग्छ", प्रजिअ आचार्यले भन्नुभयो।

मनसुनको समयमा घट्न सक्ने विभिन्न प्रकोपका घटना र यसबाट सिर्जना हुने विपद्को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायतका कार्य गर्न कार्ययोजना बनाइएको उहाँले बताउनुभयो । "सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय समुदायको प्रभावकारी परिचालनबाट राहत तथा उद्धार कार्यलाई जोड दिएका छौँ", उहाँले भन्नुभयो।

विपद् प्रतिकार्य योजनामा जिल्लामा जोखिमका क्षेत्र पहिचान गरिनुका साथै सम्बन्धित निकायले गर्नुपर्ने पूर्वतयारीका बारेमा जिम्मेवारी बाँडफाँट गरिएको छ। यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकायको अधिकतम परिचालन हुने, मनसुनका कारण उत्पन्न हुनसक्ने विपद्मा प्रतिकार्यका लागि सम्बद्ध निकाय तयारी अवस्थामा रहने विश्वास लिइएको छ।

विपद् प्रतिकार्य योजनाअनुसार जिल्लाका १० पालिकाका ८५ वडामध्ये ६२ वडा पहिराका जोखिममा रहेको देखिएको छ । जिल्लामा बाढीपहिरो, आगलागी, चट्याङ, खडेरीलगायत विपद्का जोखिम हुन्। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि सङ्कटासन्नता र क्षमताको विश्लेषणका आधारमा आठवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । यस योजनाले कार्यान्वयन गर्ने संस्था र सहयोगी संस्थाको भूमिका तथा जिम्मेवारी स्पष्टरूपमा पहिचान गरेको छ।

# कोरोना सङ्क्रमण बढेपछि पुनः कडाइ

पोखरापत्र संवाददाता
बागलुङ, १२ साउन

खुकुलो निषेधाज्ञाबीच कोरोना सङ्क्रमण बढेपछि यहाँका स्थानीय तहले पुनः कडाइ गर्न थालेका छन् । जैमिनी नगरपालिकाको केन्द्र कुश्मिसेरा बजार र बागलुङ नगरपालिका-१० भकुण्डेलाई आजदेखि एक साताका लागि बन्द गरिएको छ।

कोरोना सङ्क्रमणको बढ्दो असर र जोखिमलाई दृष्टिगत गरी अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरिएको जनाइएको छ । जैमिनीका नगरप्रमुख एवं प्रतिकार्य समूहका अध्यक्ष इन्द्रराज पौडेलको अध्यक्षतामा सोमबार बसेको बैठकले सो निर्णय गरेको हो। नगरपालिकाले दिने अति जरुरी बाहेकका सेवा पनि यही साउन १८ गते सम्मलाई बन्द गरिएको नगरप्रमुख पौडेलले जानकारी दिनुभयो। नगरपालिकाको केन्द्रमा रहेका बैंक तथा वित्तीय संस्था, पसल, होटल, रेष्टुरा, विद्यालय, यातायातलगायत सेवा पनि बन्द रहनेछन् । नगरपालिकाले काम नपरी घर बाहिर ननिस्कन र जानै परे मास्क अनिवार्य लगाउन सर्वसाधारणमा सूचित गरेको छ।

कोरोना सङ्क्रमणका कारण जैमिनीका ५१ वर्षीय पुरुषको सोमबार नै धवलागिरि अस्पतालमा ज्यान गएको थियो । त्यसअघि गत शनिबार जैमिनी-१० का ५२ वर्षीय पुरुषको कोरोनाकै कारण मृत्यु भएको थियो । सङ्क्रमित बढेसँगै लगातारजसो मृत्युका घटना हुन थालेपछि महामारी रोकथाम र नियन्त्रणका लागि कडाइ गर्नुपरेको नगरपालिकाले जनाएको छ । बागलुङ-१० मा पनि टोलटोलमा सङ्क्रमण फैलिएका कारण बन्द गर्नुपरेको वडा कार्यालयले जनाएको छ । विद्यालय, सङ्घ संस्था, कार्यालय, होटल, रेष्टुराँसहित अत्यावश्यक बाहेकका सबै सेवा यही साउन १८ गतेसम्मलाई बन्द हुने वडाध्यक्ष प्रेमबहादुर थापाले बताउनुभयो।

खुकुला प्रावधानसहित जिल्लाभर निषेधाज्ञा जारी गरिए पनि महामारी थामिएको छैन। बजार, सार्वजनिक सेवा र यातायात खुला छ । मानिसको आउजाउ बढेसँगै कोरोनाको जोखिम पनि बढ्दो छ। बीचमा सङ्क्रमण घटेजस्तो देखिए पनि पुनः बढेको छ। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ३२० छ। सबैभन्दा बढी बागलुङ नगरपालिकामा १७४ र जैमिनीमा ३३ जना सक्रिय सङ्क्रमित छन्। तमानखोला गाउँपालिकामा भने अहिले सङ्क्रमित छैनन्। पहिलो र दोस्रो लहरमा गरी हालसम्म जिल्लामा पाँच हजार ८१३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । कोरोनाका कारण जिल्लामा हालसम्म ६१ जनाले ज्यान गुमाएका छन्।

# वालिङमा हरित पुनःउत्थान प्रवर्द्धन परियोजना शुरु

–तोलाकान्त बगाले
वालिङ, १२ साउन

वालिङ नगरपालिकामा फोहरमैला व्यवस्थापनका लागि हरित पुनःउत्थान प्रवर्द्धन परियोजना(पिजीआरपी) शुरु भएको छ। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युनएडिपी) र वालिङ नगरपालिकाको आर्थिक सहयोग तथा दियालो संस्थाको सहजीकरणमा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थामार्फत सो परियोजना शुरु भएको हो।

विशेष गरी कोभिड- १९ बाट प्रभावित भई रोजगारी गुमाएकालाई 'पोष्ट कोभिड' कार्यक्रमअन्तर्गत सहजीकरण गर्ने, उद्यमशीलता, व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्रमार्फत नवउद्यमी एवं परियोजनाका लाभग्राहीलाई दीगो रूपमा उद्यमशीलताका क्षेत्रमा टिकाइ राख्नका लागि दीर्घकालीन योजना निर्माण गर्ने परियोजनाको उद्देश्य रहेको सहकारी संस्थाका अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिनुभयो । यसैगरी फोहरमैला व्यवस्थापन केन्द्रमा प्लाष्टिक पुनःप्रयोग गर्ने, प्लाष्टिकका दाना बनाउने मेसिनद्वारा कार्य गर्ने, बायोग्यास प्लान्ट बनाउने, प्राङ्गारिक बिन एक हजार व्यक्तिलाई वितरण गर्ने, ग्रिनपार्क निर्माण गर्ने, सडकका छेउछाउ तथा बीच भागमा वृक्षरोपण गर्ने परियोजनाको उद्देश्य रहेको उहाँको भनाइ छ । परियोजनाले व्यावसायिक योजना निर्माणदेखि आर्थिक वचत तथा लगानीको संरक्षण गरी आर्थिक वृद्धि गर्ने कार्यमा सहजीकरण गर्ने लक्ष्य लिएको अध्यक्ष गुरुङले बताउनुभयो । उहाँका अनुसार उत्पादित वस्तुको बजारीकरण, हाटबजार सञ्चालन, बीउबिजन वितरण, अर्गानिक खेती र यसको उत्पादन तथा बजारीकरणको काम गर्ने, वडा तहमा कलेक्सन सेन्टर सञ्चालन गर्ने, कुहिने र नकुहिने फोहरलाई सोहीअनुरुप सङ्कलन गरी त्यसको प्रभावकारी व्यवस्थापन गर्ने, आर्थिक उपार्जनमा सहयोग गर्ने तथा माग र आवश्यकताका आधारमा तालीम, प्रशिक्षण र अनुगमन गरिने छ । झण्डै १० महिना सञ्चालन हुने परियोजनाले लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गर्नुका साथै फोहोरको व्यवस्थापन श्रोतबाट नै शुरु गर्नुपर्ने अवधारणालाई प्रवर्द्धन गर्ने नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । यसका लागि घर, उद्योग, व्यवसाय तथा सङ्घ संस्थामा फोहोरको वर्गीकरण गर्ने प्रणालीको विकास गर्दै सङ्कलन, वर्गीकरण तथा विसर्जनमा लक्षित वर्गलाई सहभागी गराई रोजगारी सिर्जना गरिने उहाँको भनाइ छ।

"परियोजनामार्फत १२५० जनालाई प्रत्यक्ष रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्य रहेको छ" नगर प्रमुख खाँणले भन्नुभयो, "यसका लागि कोभिड- १९ बाट प्रभावित भई रोजगारी गुमाएका व्यक्ति तथा उनका परिवार, जोखिममा रहेका समूह र विशेष गरी महिलालाई प्राथमिकतामा राखिएको छ ।" यसका साथै २६० जनालाई गड्यौला मल बनाउने तालीम, २६० जनालाई गड्यौला मल बनाउने बिन वितरण र २६० जनालाई अर्गानिक फर्ममा तालीम प्रदान गर्ने परियोजनाको लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो। वालिङ नगरपालिकाको रु तीन करोड १५ लाख ५६ हजार ६५ तथा युनडिपीको रु एक करोड ६३ लाख ७४ हजार गरी कूल रु चार करोड ९२ लाख १३ हजार १०७ लागत रहेको सो परियोजनाले पहिलो वर्षमा फोहरमैला व्यवस्थापनको जोखिमपूर्ण कार्यमा संलग्न करीब एक हजारलाई लक्षित गरेको उल्लेख गर्दै दियालो संस्थाका अध्यक्ष कविता तिवारीले सुरक्षित तथा व्यवस्थित तरिकाले फोहर सङ्कलन, वर्गीकरण, पुनःप्रयोग र विसर्जन गर्ने सीप सिकाइ प्रदान गरी उनीहरूलाई रोजगारीको अवसर प्रदान गर्ने जानकारी दिनुभयो।

परियोजनाले व्यवस्थित फोहोर सङ्कलन तथा फोहर प्रशोधन केन्द्र स्थापनार्थ नगरपालिकालाई आर्थिक एवं प्राविधिक सहयोग प्रदान गर्ने अध्यक्ष तिवारीको भनाइ छ। युएनडिपीले नगरपालिकालाई कोभिड- १९ पश्चात हरित पुनःस्थापनसम्बन्धी योजनाको निर्माण र कार्यान्वयन गर्न टेवा पुऱ्याउने छ। "यस परियोजनाको सफल कार्यान्वयनका लागि स्थानीय सङ्घ संस्था, समुदाय र निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्छौं", दियालोका अध्यक्ष तिवारीले भन्नुभयो, "यसले गर्दा स्थानीय स्वामित्वमा फोहरमैलाको व्यवस्थापन भई थप व्यवस्थित र दीगो हुनेछ।"

# पिसाङलाई जोगाउन स्थानीयवासी अग्रसर

पोखरापत्र संवाददाता
मनाङ, १२ साउन

अविरल वर्षाका कारण मर्स्याङ्दी नदीमा आएको बाढीपहिराले मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङका बासिन्दालाई जोगाउन स्थानीयवासी अग्रसर भएका छन्।

नदी छेउछाउका घर बाढीले कटान गर्न थालेपछि बस्ती जोगाउने अभियान थालिएको स्थानीयवासी छिरिङ गुरुङले बताउनुभयो । "पिसाङको ठाडो खोलाले बालीनाली विनाश गऱ्यो, सडक सञ्जाल पनि क्षतविक्षत पाऱ्यो, त्यसैले स्थानीयवासीको अग्रसरतामा 'पिसाङ बचाउ अभियान' शुरु गरेका हौं," उहाँले भन्नुभयो।

अभियानअन्तर्गत खोलामा आएको बाढीले क्षति पुऱ्याउनसक्ने स्थानमा ग्याबिन जाली लगाएर कटान रोक्ने प्रयास गरिएको छ। पिसाङ जोगाउन हरेक घरले रु १० हजार सङकलन गरेका र स्थानीयवासीको हातेमालोका लागि सांसद पोल्देन छोपाङ गुरुङले रु एक लाख २५ हजार सहयोग उपलब्ध गराउनुभएको छ। नदीको दुबैतर्फ बाढीले कटान गरेकामा करीब ६५० मिटर ग्याबिन जाली राखिसकिएको र थप कटान हुन नदिन अझै ग्याबिन जाली लगाउने कार्य भइरहेको गाउँपालिका अध्यक्ष कान्छा घलेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्थानीयवासीले आफ्नो गाउँलाई बचाउन अभियानमार्फत गरेको एकताले हरेक विपद्मा जुध्नसक्ने क्षमता बढ्ने रहेछ भन्ने देखिएको छ।"

# बेनी अस्पताललाई तीन लाख ७१ हजारको सहयोग

पोखरापत्र संवाददाता
बेनी, १२ साउन

म्याग्दीको बेनी नगरपालिका-६ अर्थुङ्गेका यामबहादुर केसी र हरिकला केसीको परिवारले बेनी अस्पताललाई रु तीन लाख ७१ हजार मूल्य बराबरको सहयोग गर्नुभएको छ।

दिवङ्गत छोरा डा मङ्गल केसीको १२औँ स्मृतिमा घरपरिवारले बेनी अस्पताललाई ६ थान सेमिफोल्डिङ बेड सेट, ६ थान फुट स्टेप, ६ थान डिलक्स बेड साइड लकर सहयोग गर्नुभएको हो। आज अस्पतालमा आयोजित कार्यक्रममा दिवङ्गत केसीका हजुरबुबा टेकबहादुर, आमा हरिकला, फूपु जुनेली थापा र मामा बेलबहादुर कटुवालले अस्पतालका प्रमुख डा जीतेन्द्र कँडेललाई उक्त सामग्री हस्तान्तरण गर्नुभएको थियो । "पछि परेका समुदायका नागरिकको उपचार गरी सेवा गर्ने उहाँको चाहना थियो, तर चाहना पूरा हुन पाएन, कम्तीमा उहाँले राखेको उद्देश्यलाई घरपरिवारले पनि त पूरा गरिदिन सक्छौं भनेर अस्पताललाई सहयोग गरिएको हो", बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका दिवङ्गत केसीका मामा बेलबहादुर कटुवालले भन्नुभयो।

उक्त अवसरमा केसीका घरपरिवारले बेनी अस्पतालमा उपचाररत बिरामीलाई फलफूलसमेत वितरण गर्नुभएको थियो भने अस्पतालका प्रमुख डा कँडेलले नयाँ वार्ड सञ्चालनको लागि आवश्यक सामग्रीको बन्दोबस्त मिलाइदिएकोमा केसीका परिवारलाई धन्यबाद दिँदै प्राप्त सामग्रीको सही उपयोग र संरक्षण गरिने बताउनुभयो। गण्डकी प्रदेश सरकारमार्फत उपलब्ध भएको रु ३५ लाख बजेटबाट बेनी अस्पतालमा १२ शय्या देखि १५ शय्या क्षमतासम्म वार्ड सञ्चालन गर्न सकिने भवन निर्माण भएको छ।

# चार दिनदेखि अवरुद्ध बेनी–जोमसोम सडक सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १२ साउन

पहिराका कारण अवरुद्ध बेनी-जोमसोम सडक चार दिनपछि सोमबार साँझदेखि सञ्चालन भएको छ। हिमालपारिको जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उक्त ७६ किलोमिटर सडकखण्डको विभिन्न ठाउँमा पहिरो गएपछि गत शुक्रबारदेखि अवरुद्ध भएको थियो।

वर्षाका कारण ढुङ्गा, माटो र लेदोसहितको पहिरो खसेर बन्द भएको सडकको अवरोधलाई हटाएपछि सोमबार साँझदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । सडकखण्डअन्तर्गत अन्नपूर्ण गाउँपालिका-३ रुप्से छहरा, काभ्रेभिरलगायतका स्थानमा पहिरो गएकाले शुक्रबार बिहानैदेखि सडक अवरुद्ध भएको थियो।

सडक अवरुद्ध हुँदा मुस्ताङ र उत्तरी म्याग्दीका गाउँहरूमा जान हिँडेका यात्रु समस्यामा परेका थिए । सडक खुलेसँगै बीच बाटोमा अलपत्र परेका यात्रु र सवारी साधन आफ्नो गन्तव्यतर्फ लागेका छन् । बन्द सडक खुले पनि पहिराको जोखिम भने कायमै रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले बताउनुभयो। वर्षाका कारण ढुङ्गा र माटोसहितको लेदो खसिरहेकाले ठाउँठाउँमा पहिरो जाने क्रम भने रोकिएको छैन। यात्रु तथा सवारी साधनलाई आवश्यक सुरक्षा सावधानी अपनाएर यात्रा गर्न अनुरोध गरिएको प्रहरी निरीक्षक गुरुङले बताउनुभयो।